# सामाजिक सुरक्षा, बाल गरिबी तथा जोखिमता सम्बन्धि घरधुरी सर्वेक्षण प्रतिवेदन

## २०७४ (सन् २०१८)

**प्रकाशक**

छेडागाड नगरपालिका जाजरकोट

कर्णाली प्रदेश, नेपाल

**प्रकाशन सहयोग**

Save the Children

CSSP Child Sensitive Social Protection

छेडागाड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कार्कीगाउँ, जाजरकोट
कर्णाली प्रदेश, नेपाल ।

प.सं./च.नं.०७४।०७५ मिति: २०७५।०२।20
प्राप्त पत्र संख्या र मितिः

## शुभ–कामना

बालबालिका भनेका प्रत्येक अभिभावक, घरपरिवार, समाज र सरकारका लागि वर्तमानका साझेदार र भविष्यका धरोहर हुन् । भोलिको लागि हरेक विषय र क्षेत्रको नेतृत्व गर्ने यिनै बालबालिका हुन् । तर विभिन्न कारण र परिस्थितिहरुले धेरै बालबालिकाहरुको बालापन चोरिएको छ , खोसिएको छ । शिक्षा, स्वास्थ्य,पोषण जस्ता आधारभुत कुराहरुबाट बञ्चित भएकाछन् । आफ्ना आमाबाबा,घरपरिवार र आफन्तजनको मायाबाट बञ्चित रहेकाछन् । घर, होटेल, यातायात, निमार्ण लगायतका क्षेत्रमा बाल श्रमिकको रुपमा संलग्न छन् , बाल विवाह जस्तो जघन्य अपराधको सिकार भईरहेका छन् , कँयन बालबालिकाहरु आफै घरमुली भएर वयस्कहरुको भुमिका निवार्ह गरिराखेका छन् । अपांगता भएकै कारण विद्यालय शिक्षा,स्वास्थ्य सेवा, मनोरञ्जन र समाजको निर्णय निमार्ण प्रक्रियाहरुमा सहभागि हुनबाट बञ्चित भएका छन् । यस्ता सबै पक्षहरु प्रत्यक्ष वा परोक्ष ढंगले बाल गरिबी संग जोडिएको छ ।

नेपालले बाल अधिकार सम्बन्धि महासन्धि १९८९ र यसका दुईवटा ऐच्छिक सन्धिपत्रहरु ( इच्छाधिन आलेख)लाई निर्शत अनुमोदन गरिसकेको छ । आफ्नो क्षेत्राधिकार भित्रका हरेक बालबालिकाको अधिकार सुनिश्चित गर्नु स्थानिय सरकारको प्रमुख दायित्व हो । संघिय सरकार तथा स्थायिन सरकारले व्यवस्था गरेका हरेक सेवा सुविधाको पहुँच सम्म यस्ता बालबालिका र यिनिहरुका अभिभावकलाई पुचाई उनिहरुको आर्थिक अभावका कारण उत्पन्न तनाबलाई मथ्थर गर्नु स्थानिय सरकारको मूख्य जीम्मेवारी हो । तर्सथ, छेडागाड नगरपालिका जाजरकोट पनि बालबालिकाको विषयमा सधै गम्भीर रहदै आएको छ । र प्रयत्नरत छ । यसै प्रयत्न अर्न्तगत नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्दै बाल गरिबी घटाउनका लागि सन् २०१८ जनवरी देखि यस नगरपालिकाले सेभ द चिल्ड्रेनसंग साझेदारी गरि बाल संवेदनशिल सामाजिक सुरक्षा कार्यक्रम ( स्थायिन भाषामा पहुँच कार्यक्रम ) संचालन गरिरहेको छ ।

यस परियोजनाको सहयोगमा यस नगरपालिकाले सामाजिक सुरक्षा, बाल गरिबी तथा जोखिमता संग सम्बन्धित तथ्याकं प्रतिवेदन प्रकाशित गर्न लागेकोमा निकै खुसी लागेको छ । सामाजिक सुरक्षा र बाल गरिबी संग सम्बन्धित तत्य तथ्यांक समेटेर प्रकाशित यस प्रतिवेदनले बालबालिकाको विषयलाई स्थानिय विकासको मूलप्रवाहमा समाहित गरि बाल गरिबी तथा जोखिमताहरु न्यूनिकरण गर्नका लागि यस छेडागाड नगरपालिका जाजरकोटलाई निकै मद्धत पुग्ने छ भन्ने कुरामा म विश्वस्त छु ।

अन्तमा सामाजिक सुरक्षा , बाल गरिबी तथा जोखिमता सम्बन्धि सर्भेक्षण कार्य सम्पन्न गर्न , सर्वेक्षण प्रतिवेदन तयार गर्न र प्रकाशन गर्न महत्वपूर्ण सहयोग पुर्याउनुहुने सेभ द चिल्ड्रेनका बाल संवेदनशिल सामाजिक सुरक्षा कार्यक्रम संयोजक श्री कौशिला चन्द , वरिष्ठ संयोजक हेमन्त दंगाल , सेभ द चिल्ड्रेन , सबै तथ्यांक संकलनकर्ताहरु र सबै वडा तथा यस नगरपालिकाका पदाधिकारी र कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । र सबै बालबालिकाहरुको उज्वल भविष्यको कामना गर्दछु । धन्यवाद ।

लाल बहादुर महतारा
**नगरप्रमुख,** छेडागाड नगरपालिका जाजरकोट


फोन नं. :........................... फ्याक्स ........................
ईमेल : chhedagadmun@gmail.com, वेभसाइट : Http//www.chhedagadmun.gov.np

# छेडागाड नगरपालिका
## कार्कीगाउँ, जाजरकोट
## कर्णाली प्रदेश, नेपाल ।

२१ जेठ २०७५

### शुभकामना !

वर्तमानका साझेदार र भविष्यका कर्णधार बालबालिका नै मुलुकको समृद्ध भविष्य निर्माता हुन । बालबालिकालाई उचित पालनपोषण, शिक्षा र अवसर प्रदान गरी वर्तमानमा जति सक्षम र योग्य बनाउन सकिन्छ भविष्यमा पनि राष्ट्रले त्यति नै योग्य र सक्षम नेतृत्व पाउन सक्ने संभावना रहन्छ । बालबालिका वास्तवमा अरुको साहारामा बाच्नुपर्ने अपरिपक्व व्यक्ति हुन । उनीहरुको पालनपोषण, शिक्षा दिक्षा, विकास र संरक्षणको प्राथमिक दायित्व आमा बाबु, र संरक्षकको हो । बालबालिकाको लागि गरिने लगानी खर्च होइन लगानी हो । त्यसैले बालबालिका जन्मनुअघि र जन्मेपश्चात समुचित स्याहार, पालनपोषण र शिक्षा प्रदान गरी बाल अधिकारको संरक्षण र विकासमार्फत योग्य र सक्षम नागरिक बनाउनु घर परिवार, समुदाय र राज्य लगायत सम्बन्धीत सवैको लगानी पनि हो र अहम  दायित्व पनि हो । नेपालले बाल अधिकार सम्बन्धी महासन्धी १९८९ लाई १४ सेप्टम्वर १९९० मा अनुमोदन गरेर बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागिता जस्ता अन्तर्राष्ट्रिय मान्यता प्रति प्रतिवद्धता प्रकट गरेको छ । बाल अधिकार  महासन्धी कार्यान्वयन गर्न बालबालिका सम्बन्धी ऐन २०४८ र नियमावली २०५० समेत जारी भई कार्यान्वयन छ । यसका अलवा बाल अधिकार सम्बन्धी  विविध अर्न्तराष्ट्रिय महासन्धी, सन्धी र प्रोटोकल समेत अनुमोदन गरेको पाइन्छ ।  नेपाल सरकारले बालमैत्री स्थानीय शासन कार्यान्वयन गरी बालअधिकारलाई व्यवहारत कार्यान्वयन गरी प्रत्यक्ष अनुभूति गराउन बालमैत्री स्थानीय शासन कार्यविधि २०६८ जारी गरी देशैभरका स्थानीय तहमा  कार्यान्वयन हुन  पुगेको छ ।

नेपालको संविधान २०७२ को धारा ३९ मा बालबालिकाको हक सम्बन्धी मौलिक हकको व्यवस्था गरिएको छ । बालबालिकाको  पहिचान सहितको नामाकरण एंव जन्मदर्ता , सर्वाङगीण विकास र बाल सहभागिता सम्बन्धी हकको प्रत्याभूत गरेको छ । जोखिमयुक्त ,गैरकानुनी ओसारपसार,बन्धक, अपहरण, बेचविखन तथा शोषण र अनुचित काममा लगाउन नपाइने कुरा मौलिक हकमा व्यवस्था गरिएको छ । राज्यबाट जोखिमयुक्त बालबालिकालाई बाल अनुकुल न्याय तथा संरक्षण र सुविधा पाउने व्यवस्था गरिएको छ ।  नेपालको संविधान २०७२ को स्थानीय तहको अधिकार सुची सम्बन्धमा अनुसूची ८ बमोजिम स्थानीय तहको अधिकार क्षेत्र बमोजिम प्रारम्भिक बालविकास तथा  स्थानीय तथ्यांक र अभिलेख व्यवस्थापन सम्बन्धी जिम्मेवारी रहेको छ । यसै सन्दर्भमा आफ्नो अधिकार क्षेत्रमा भित्र रही बालबालिकाको अधिकार सुनिश्चित गर्नु स्थानीय सरकारको  प्रमुख दायित्व रहेको छ । संघीय  सरकार र स्थानीयले सामाजिक सुरक्षा/ बालबालिका सुरक्षा भत्ता सम्बन्धमा गरेका सवै प्रकारका सेवा सुविधालाई बालबालिका एंव उनीहरुका अभिभावकको पहुँचमा पुऱ्याएर बाल अधिकारका आधारभूत मान्यता र सवाललाई प्रभावकारी रुपमा कार्यान्वयन गरी अधिकार प्राप्तिको प्रत्यक्ष अनुभुति गराउन  स्थानीय सरकारको काँधमा गहन दायित्व थपिएको परिप्रेक्ष्यमा यस नगरपालिकाले पनि बाल अधिकारको विषयलाई प्राथमिकता दिदै आएको छ र भावि दिनहरुकामा बालअधिकार सुनिश्चिततताको विषय प्राथमिकता रहनेछ विश्वास दिलाउछु  ।

नेपाल सरकारको सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरी बाल गरीवी घटाउन सन २०१८ जनवरी देखि यस नगरपालिकाले सेभ द चिल्ड्रेन सँगको साझेदारीमा बाल संवेदनशिल सामाजिक सुरक्षा कार्यक्रम (पहुँच कार्यक्रम) संचालन गरिरहेको छ । यस परियोजनाको सहयोग, सहकार्य र साझेदारीमा नगरपालिकाले सामाजिक सुरक्षा, बाल गरीवी तथा बाल जोखिमता सँग सम्बन्धीत तथ्यांक प्रतिवेदन प्रकाशन गर्न लागेको खवरले अत्यन्त खुशी तुल्याएको छ । उक्त विषयमा सम्बद्ध यथार्थ र बस्तुगत तथ्यांक समेटेर प्रकाशन हुन लागेको यस प्रतिवेदनले बालअधिकार र बालबालिका सम्बन्धी विविध सरोकार र सवालका विषयलाई मुलप्रवाहमा समाहित गरी बाल गरीवी र बाल जोखिमता न्युनिकरण तथा बालबालिको सर्वाङ्गीण विकास गर्न नगरपालिकालाई निकै सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्तमा उल्लेखित विषयबस्तु सँग सम्बन्धित तथ्यांकको लागि सर्भेक्षण, तथ्यांक संकलन र प्रतिवेदन तयार पारी पुस्तकको रुपमा प्रकाशन गर्न महत्वपुर्ण योगदान पुऱ्याउनु हुने  सेभ द चिल्ड्रेनका बाल संवेदनशिल सामाजिक सुरक्षा कार्यक्रम संयोजक श्री कौशिला चन्द, वरिष्ठ संयोजक श्री हेमन्त दंगाल, तथ्यांक संकलनकर्ता, नगरपालिकाका सम्पुर्ण पदाधिकारी  तथा समस्त कर्मचारीहरुमा हार्दिक आभार प्रकट गर्दछु । साथै सवै बालबालिकाको सुन्दर, समृद्ध र उज्ज्वल भविष्यको  लागि शुभकामना व्यक्त गर्दछु ।

सर्वदल शाही
निमित्त प्रमुख प्रशासकीय अधिकृत

# शुभकामना

बालबालिकाको शिक्षा , स्वास्थ्य , संरक्षण र सहभागिताको अधिकार सुनिश्चित गर्न संघीय तथा स्थानीय सरकारको कार्य, दायित्य र प्रक्रियाहरूमा सहयोग तथा सहजीकरण गर्नका लागि सन् २०१६ देखि सेभ द चिल्ड्रेनले  यस छेडागाड नगरपालिका जाजरकोटसंग साझेदारी तथा सहकार्य गर्दै आएको छ ।

यसै सिलसिलामा सन् २०१८ देखि सेभ द चिल्ड्रेन र छेडागाड नगरपालिका, जाजरकोटको साझेदारीमा सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन मार्फत बाल गरिबी घटाई वालवालिकाहरूको अधिकार संरक्षण र प्रवर्धन गर्ने उद्धेश्यले बाल संवेदनशिल सामाजिक सुरक्षा कार्यक्रम (**पहुँच**) कार्यान्वयन भईरहेको छ ।

सामाजिक सुरक्षा, बाल गरिबीको स्थिति सम्बन्धि सर्वेक्षण कार्य सम्पन्न गरी तथ्याकं प्रतिवेदन प्रकाशन गर्न सफल भएकोमा छेडागाड नगरपालिका, जाजरकोटलाई हार्दिक बधाई दिन चाहन्छु । साथै यस कार्यमा प्रत्यक्ष वा परोक्षरुपमा संलग्न कर्मचारी तथा जनप्रतिनिधी ज्यूहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

बालबालिकाहरू सम्वन्धी योजना, नीति निर्माण र कार्यक्रम कार्यान्वयन एवं समग्र नगरबासी बालबालिकाको उज्जवल भविष्य निमार्णका हरेक चरणमा यस तथ्यांक प्रतिवेदनले महत्वपूर्ण सहयोग पुर्‍याउनेछ भन्ने आशा राखेको छु । अन्तमा सबै बालबालिकाको उज्जवल भविष्यको लागि शुभ कामना  व्यक्त गर्दछु ।

धन्यवाद ।

वीरेन्द्र ठगुन्ना

सेभ द चिल्ड्रेन ,असोसिएट डाईरेक्टर,

मध्य तथा सुदुरपश्चिम फिल्ड कार्यालय, नेपालगंज

## पृष्ठभूमि :

राज्य व्यवस्थाको पूर्नसंरचना पश्चात देश संघियतामा गईसकेपछि बनेका स्थानीय तहहरु मध्ये यस छेडागाड नगरपालिका पनि एक स्थानीय तह हो । साबिकका ६ वटा गा.वि.स. कार्कीगाँउ, साल्मा , दशेरा, झाप्रा , सुवानाउली र पजारु मिलाएर यो नगरपालिका बनाईएको हो । नवनिर्मित नगरपालिका भएको हुँदा नगरपालिकासंग हुनुपर्ने आधारभुत कुराहरू जस्तै : भौतिक संरचना , आवश्यक मानविय श्रोतको उपलब्धता , विभिन्न विषय र क्षेत्रसंग सम्बन्धित तथ्य तथ्याकं र तथ्याकंमा आधारित विशेष योजनाहरू नहुनु स्वाभाविकै हो । बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, एकल महिला तथा श्रीमान् गुमाएका महिलाहरूका विशेष सवालहरूप्रति नगरपालिकाले ध्यान दिनु पर्ने आवश्यकता उत्तिकै छ ।

यी सबै अवस्था र परिस्थितिहरूलाई सम्बोधन गर्नका लागि यस छेडागाड नगरपालिका जाजरकोटले निरन्तर प्रयास गरिरहेको छ । आवश्यकतानुसार विभिन्न विषय र क्षेत्रका विभिन्न सरोकारवालाहरूसंग समन्वय तथा सहकार्य गर्दै आईरहेकोछ । सामाजिक सुरक्षाको प्रभावकारी कार्यान्वयन मार्फत बाल गरिबी घटाउने उद्धेश्यका साथ यस छेडागाड नगरपालिका र सेभ द चिल्ड्रेनको साझेदारीमा सन् २०१८ जनवरी देखि बाल संवेदनशिल सामाजिक सुरक्षा कार्यक्रम (पहुँच कार्यक्रम ) संचालन गरिएकोछ ।

यसै सन्दर्भमा, सामाजिक सुरक्षा भत्ता पाउन योग्य तर विविध कारणहरूले यस कार्यक्रमको लाभबाट बञ्चित वा पहुँचमा नरहेका व्यक्तिहरूको पहिचान गर्ने र राज्यले व्यवस्था गरेको सामाजिक सुरक्षा कार्यक्रममा यीनिहरूको पहुँच सुनिश्चित गर्न , बालबालिकाहरूको स्थिति तथा जोखिमता वा बालबालिका सम्बन्धि मुख्य सवालहरू पहिचान गर्न र बालबालिकाहरूका मुख्य मुद्धाहरूलाई यस नगरपालिकाको मुख्य योजनामा मूलप्रवाहीकरण सहयोग पुऱ्याउनका लागी सेभ द चिल्ड्रेनको सहयोगमा यस सामाजिक सुरक्षा , बाल गरिबी तथा जोखिमता सम्बन्धि घरधुरी सर्वेक्षण सम्पनन गरिएकोछ ।

## कार्य तालिका :


तालिका नम्बर १ : छेडागाड नगरपालिका जाजरकोटको जनसंख्या विवरण ५

तालिका नम्बर २ : छेडागाड नगरपालिका जाजरकोट भित्र सामाजिक सुरक्षा तथा बाल गरिबीको स्थिति ९

तालिका नम्बर ३ : जनजाति अनुसार छेडागाड नगरपालिका जाजरकोट भित्र रहेका जम्मा घरधुरी संख्या १०

तालिका नम्बर ४ : जातजाति र लिगं अनुसार ५ वर्ष मुनिका बालबालिकाको संख्या ११

तालिका नम्बर ५ : जातजाति र लिगं अनुसार ६ वर्ष देखि ९ वर्ष मुनिका बालबालिकाको संख्या १२

तालिका नम्बर ६ : जातजाति र लिगं अनुसार १० वर्ष देखि १४ वर्ष मुनिका बालबालिकाको संख्या १३

तालिका नम्बर ७ : जातजाति र लिगं अनुसार १५ वर्ष देखि १८ वर्ष मुनिका बालबालिकाको संख्या १४

तालिका नम्बर ८ : जातजाति र लि॰ अनुसार विभिन्न किसिमका अनाथ बालबालिकाहरुको संख्या १५

तालिका नम्बर ९ : जातजाति र लिगं अनुसार १९ वर्ष र १९ वर्ष भन्दा माथिका महिला पुरुषको संख्या १६

तालिका नम्बर १० : विद्यालय जाने बालबालिकाको संख्या १७

तालिका नम्बर ११ : घरायसी कामकाजका कारणले विद्यालय अनियमित हुने बालबालिकाको संख्या १८

तालिका नम्बर १२ : विद्यालय छोडेर घरायसी कामकाज गरिरहेका बालबालिकाको संख्या १९

तालिका नम्बर १३ : विद्यालय जाने तथा आफ्नै गाउँमा आयमूलक कार्य गरिरहेका बालबालिकाको संख्या २०

तालिका नम्बर १४ : विद्यालय छाडेर आफ्नै गाउमा आयमूलक कार्य गरिरहेका बालबालिकाको संख्या २१

तालिका नम्बर १५ : विद्यालय छाडेर अन्यत्र गई आयमूलक कार्य गरिरहेका बालबालिकाको संख्या २२

तालिका नम्बर १६ : घरपरिवारले बताएअनुसार विभिन्न किसिमको अपांगता रहेका बालबालिकाको संख्या २३

तालिका नम्बर १७ : विविध कारणले बाल संरक्षण अनुदान कार्यक्रमको पहुँचमा नरहेका बालबालिकाको संख्या २४

तालिका नम्बर १८ : जन्मदर्ता नभएका १६ वर्ष भन्दा मुनिका बालबालिकाको संख्या २५

तालिका नम्बर १९ : योग्य भईकन पनि विविध कारणले जेष्ठ नागरिक भत्ता नपाएका जेष्ठ नागरिकको संख्या २६

तालिका नम्बर २० : योग्य भईकन पनि एकल महिला भत्ता नपाएका महिलाहरुको संख्या २७

तालिका नम्बर २१ : योग्य भईकन पनि विधुवा महिला भत्ता नपाएका महिलाहरुको संख्या २८

तालिका नम्बर २२ : घरपरिवारले बताएअनुसार अपांग भएपनि अपांगता भत्ता नपाएका व्यक्तिहरुको विवरण २९

## तालिका नम्बर १ : छेडागाड नगरपालिका जाजरकोटको जनसंख्या विवरण

| तथ्यांक सुची | दलित | | बाहुन /क्षेत्री | | जनजाति | | अन्य | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बलक | बालिका | बालक | बालिका | बालक | बालिका | |
| ५ वर्ष मुनिका बालबालिका | १०५४ | १००५ | १५८४ | १६१३ | १०९ | १०१ | ११४ | १३३ | **२८६१** | **२८५२** | **५७१३** |
| ६-९ वर्ष सम्मका बालबालिका | ८०५ | ७५८ | १४०७ | १४९२ | १२१ | ११३ | ११४ | १२१ | **२४४७** | **२४८४** | **४९३१** |
| १०-१४ वर्ष सम्मका बालबालिका | ७६४ | ७०८ | १३८९ | १४८५ | १२४ | ९४ | ११९ | १११ | **२३९६** | **२३९८** | **४७९४** |
| १५-१८ वर्ष सम्मका बालबालिका | ४८६ | ४३५ | ९९९ | ८७५ | ८२ | ६४ | ७५ | ९७ | **१६४२** | **१४७१** | **३११३** |
| जम्मा बालबालिका | ३१०९ | २९०६ | ५३७९ | ५४६५ | ४३६ | ३७२ | ४२२ | ४६२ | **९३४६** | **९२०५** | **१८५५१** |
| १९ वर्ष र सोभन्दा माथिका वयस्कहरु | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | **पुरुष** | **महिला** | **जम्मा** |
| | २४५८ | २४५८ | ५२४९ | ५१४८ | ४०९ | ३७१ | ४२८ | ४२७ | **८५४४** | **८४०४** | **१६९४८** |

माथिको तालिकाले छेडागाड नगरपालिकाको जनसंख्या लाई चित्रन गर्दछ जसमा जम्मा जनसंख्या ३५,४९९ ( ४९.६% **महिला र ५०.४% पुरुष**) रहेको छ । जसमध्ये बालबालिकाहरूको जनसंख्या ५२ प्रतिशत रहेकोछ । जातजातिको हिसाबले हेर्दा ३१ प्रतिशत दलित , ६० प्रतिशत बाहुन /क्षेत्री , ४ प्रतिशत जनजाति र ५ प्रतिशत अन्य ( गीरी , नाथ ) जातिको बसोबास रहेको पाईन्छ। बालबालिकाको जनसंख्यालाई मात्र हेर्दा जम्मा १८५५१ मा ४९.६ प्रतिशत बालिकाको संख्या रहेकोछ ।

## तालिका नम्बर २ : छेडागाड नगरपालिका जाजरकोट भित्र सामाजिक सुरक्षा तथा बाल गरिबीको स्थिति

| तथ्यांक सुची | दलित | | बाहुन /क्षेत्री | | जनजाति | | अन्य | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | |
| अनाथ बालबालिका | २११ | २११ | २८७ | ३२० | २० | १३ | ३३ | २२ | ५५१ | ५६६ | १११७ |
| विद्यालय जाने बालबालिका | १७५३ | १७५६ | ३६७२ | ३६३९ | २७४ | २६८ | २२२ | २३५ | ५९२१ | ५८९८ | ११८१९ |
| घरायसी कामकाजको कारण विद्यालय अनियमित हुने बालबालिका | २४६ | २७७ | ५१७ | ३७६ | २७ | २० | ७४ | ७८ | ८६४ | ७५१ | १६१५ |
| विद्यालय छोडेर घरायसी कामकाजमा लागेका बालबालिका | ३७ | ३४ | ५९ | ३७ | ३ | ३ | ० | १ | ९९ | ७५ | १७४ |
| विद्यालय जाने तथा आफ्नै गाउमा आयआर्जनमुलक कार्य गरिरहेका बालबालिका | ११ | ६ | २२ | १५ | ० | ० | ० | ० | ३३ | २१ | ५४ |
| विद्यालय छोडेर आफ्नै गाउमा आयआर्जनमुलक कार्य गरिरहेका बालबालिका | २२ | ४ | २५ | ११ | ० | ० | ० | ० | ४७ | १५ | ६२ |
| विद्यालय छोडेर अन्यत्र गई आयआर्जनमुलक कार्य गरिरहेका बालबालिका | ६४ | २४ | ७६ | ३९ | १ | ० | ० | ० | १४१ | ६३ | २०४ |
| अपांगता भएका बालबालिका | १२३ | ११५ | २३७ | १९४ | ३ | ५ | १३ | १७ | ३७६ | ३३१ | ७०७ |
| योग्य भईकन पनि बाल संरक्षण अनुदान प्राप्त नगरेका बालबालिका | १७४ | १७२ | ० | ० | ० | ० | ० | ० | १७४ | १७२ | ३४६ |
| १६ वर्ष भन्दा मुनिका जन्मदर्ता नगराएका बालबालिका | ४७८ | ५१३ | ११९५ | १२४३ | ३ | ७ | ९१ | ९७ | १७६७ | १८६० | ३६२७ |
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | जम्मा |
| योग्य भईकन पनि जेष्ठ नागरिक भत्ता नपाएका | २१ | १६ | ४७ | २५ | ३ | ० | ० | १ | ७१ | ४२ | ११३ |
| योग्य भईकन पनि एकल महिला भत्ता नपाएका | - | ५ | - | १३ | - | - | - | १ | - | १९ | १९ |
| योग्य भईकन पनि विधवा भत्ता नपाएका | - | १३ | - | ३७ | - | १ | - | २ | - | ५३ | ५३ |
| योग्य भईकन पनि अपांगता भत्ता नपाएका | ५२ | ३४ | ९७ | ६७ | ५ | ३ | ७ | ५ | १६१ | १०९ | २७० |

**तालिका नम्बर ३ : जनजाति अनुसार छेडागाड नगरपालिका जाजरकोट भित्र रहेका जम्मा घरधुरी संख्या**

| जनजाति अनुसार घरधुरी संख्या | | | | | |
|---|---|---|---|---|---|
| वडा नम्बर | **दलित** | **बाह्मण क्षेत्री** | **जनजाति** | **अन्य** | **जम्मा घरधुरी संख्या** |
| १ | १५० | ३५७ | ० | ० | **५०७** |
| २ | ९० | ३९५ | ० | ० | **४८५** |
| ३ | १४७ | ३७३ | १ | ० | **५२१** |
| ४ | ९४ | २९३ | ० | ० | **३८७** |
| ५ | ९४ | २७० | ० | १० | **३७४** |
| ६ | १५९ | ३१३ | ० | ० | **४७२** |
| ७ | ३२ | ५५ | ५९ | ० | **१४६** |
| ८ | १२७ | १७३ | ० | १३९ | **४३९** |
| ९ | १४८ | २०५ | १ | २ | **३५६** |
| १० | १६४ | १३३ | २०६ | ३४ | **५३७** |
| ११ | २१० | २३३ | ३ | १७ | **४६३** |
| १२ | १३३ | ४५८ | ० | ० | **५९१** |
| १३ | २२२ | २२१ | ८० | ० | **५२३** |
| जम्मा घरधुरी संख्या | **१७७०** | **३४७९** | **३५०** | **२०२** | **५८०१** |

छेडागाड नगरपालिकामा रहेका घरधुरीको विश्लेषण गर्दा बाहुन क्षेत्री ( ६० प्रतिशत)को बाहुल्यता रहेको देखिन्छ । र त्यसपछि क्रमश दलित ( ३१ प्रतिशत) , जनजाति ( ६ प्रतिशत) र अन्य (३ प्रतिशत) जातिको बसोबास रहेकोछ । वडा नम्बर १, २, ३,४,५,६,८,९,११ र १२ मा बाहुन क्षेत्रीको बाहुल्यता रहेको छ भने वडा नम्बर ७ र १० मा जनजाति , वडा नम्बर १३ मा दलित जातिको बाहुल्यता रहेकोछ । त्यसैगरि वडा नम्बर १,२,३,४,६,७,१२ र १३ मा अन्य जातिहरु ( गीरी,पुरी, भारती दशनामी,सन्यासी)को बसोबास नरहेको र वडा नम्बर ५, ८,९, १० र ११ मा अन्य जातिको पनि बसोबास रहेकोछ। अन्य जातिको बसोबास सबैभन्दा धेरै वडा नम्बर ८ र त्यसपछि वडा नं. १० मा रहेकोछ ।

## तालिका नम्बर ४ : जातजाति र लिगं अनुसार ५ वर्ष मुनिका बालबालिकाको संख्या

| वडा नम्बर | दलित | | बाहुन क्षेत्री | | जनजाति | | अन्य | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | |
| १ | ८९ | ८७ | १५९ | १६८ | ० | ० | ० | ० | २४८ | २५५ | ५०३ |
| २ | १०३ | ८७ | १९२ | १९२ | ० | ० | ० | ० | २९५ | २७९ | ५७४ |
| ३ | ९४ | ८२ | १७२ | १७६ | ० | ० | ० | ० | २६६ | २५८ | ५२४ |
| ४ | ४९ | ४४ | १३५ | १३० | ० | ० | ० | ० | १८४ | १७४ | ३५८ |
| ५ | ५५ | ६२ | १२३ | १५४ | ० | ० | ० | ० | १८४ | २२० | ४०४ |
| ६ | ९४ | ८२ | १६७ | १६५ | ० | ० | ० | ० | २६१ | २४७ | ५०८ |
| ७ | २२ | २१ | ३४ | २६ | १५ | ३२ | ० | ० | ७१ | ७९ | १५० |
| ८ | ८१ | ९४ | ९१ | ९० | ० | ० | ५९ | ६७ | २३१ | २५१ | ४८२ |
| ९ | १०५ | १०४ | ८५ | १२२ | ० | ० | २ | ० | १९२ | २२६ | ४१८ |
| १० | ८९ | ७६ | ६२ | ५८ | ९३ | ६९ | १४ | १४ | २५८ | २१७ | ४७५ |
| ११ | ९६ | १०५ | ७७ | १०८ | १ | ० | ९ | ९ | १८३ | २२२ | ४०५ |
| १२ | ६५ | ५९ | १९३ | १५५ | ० | ० | ० | ० | २५८ | २१४ | ४७२ |
| १३ | ११२ | १०२ | ९४ | ६९ | ० | ० | २४ | ३९ | २३० | २१० | ४४० |
| जम्मा | १०५४ | १००५ | १५८४ | १६१३ | १०९ | १०१ | ११४ | १३३ | २८६१ | २८५२ | ५७१३ |

५ वर्ष मुनिका बालाबालिकाको संख्या विश्लेषण गर्दा तुलनात्मक रुपमा बालकहरूको संख्या धेरै देखिन्छ । त्यसमा पनि दलित र जनजाति बालिकाहरूको संख्या बालकहरूभन्दा कम छ । तर बाहनु/क्षेत्री र अन्य जातजाति बालक भन्दा बालिकाको संख्या धेरै छ ।

## तालिका नम्बर ५ : जातजाति र लिगं अनुसार ६ वर्ष देखि ९ वर्ष मुनिका बालबालिकाको संख्या

| वडा नम्बर | दलित | | बाहुन क्षेत्री | | जनजाति | | अन्य | | जम्मा बालक | जम्मा बालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | | | |
| १ | ८९ | ७० | १५७ | १७५ | ० | ० | ० | ० | २४६ | २४५ | ४९१ |
| २ | ४४ | ४६ | १६१ | १७३ | ० | ० | ० | ० | २०५ | २१९ | ४२४ |
| ३ | ६५ | ७२ | १४६ | १६० | ० | ० | ० | ० | २११ | २३२ | ४४३ |
| ४ | ३७ | ४१ | १३१ | ११३ | ० | ० | ० | ० | १६८ | १५४ | ३२२ |
| ५ | ४६ | २६ | ८८ | ८८ | ० | ० | ४ | १ | १३८ | ११५ | २५३ |
| ६ | ७० | ८० | १४३ | १६८ | ० | ० | ० | ० | २१३ | २४८ | ४६१ |
| ७ | १८ | १२ | १५ | २६ | २५ | २४ | ० | ० | ५८ | ६२ | १२० |
| ८ | ६४ | ५५ | ७८ | ६६ | ० | ० | ६७ | ७३ | २०९ | १९४ | ४०३ |
| ९ | ६९ | ७३ | ७७ | ९७ | ० | ० | ० | ० | १४६ | १७२ | ३१८ |
| १० | ८० | ६० | ५७ | ४१ | ९५ | ८५ | १५ | १४ | २४७ | २०० | ४४७ |
| ११ | ८३ | ७५ | ८४ | ८४ | १ | २ | ६ | ५ | १७४ | १६६ | ३४० |
| १२ | ६७ | ७२ | २०९ | २३७ | ० | ० | ० | ० | २७६ | ३०९ | ५८५ |
| १३ | ७३ | ७६ | ६१ | ६४ | २२ | ० | ० | २८ | १५६ | १६८ | ३२४ |
| जम्मा | ८०५ | ७५८ | १४०७ | १४९२ | १२१ | ११३ | ११४ | १२१ | २४४७ | २४८४ | ४९३१ |

यस नगरपालिका भित्र रहेका ६ देखि ९ वर्ष उमेर समुहका बालबालिकाहरूको जम्मा संख्या हेर्दा बालिका र बालकको संख्या लगभग बराबरी छ तैपनि औसतमा हेर्दा बालिका भन्दा बालक ३७ जनाले बढि भएको दखिएकोछ । वडा नम्बर १० , ११ , ५ र ४ मा बालक भन्दा बालिकाको संख्या कम देखिएकोछ । यी वडाहरू मध्ये वडा नम्बर १० मा बालक बालिका को संख्यामा अलि धेरै फरक पाइएकोछ ( बालक भन्दा बालिकाको संख्या ४७ जनाले कम छ अर्थात ४५ प्रतिशत बालिका र ५५ प्रतिशत बालक ) । त्यसैगरि बाकी अन्य वडाहरूमा बालिकको संख्या बढि भएको पाइएकोछ । अन्य वडा भन्दा वडा नम्बर १२ मा बालक भन्दा बालिकाको संख्या अलि धेरै ( ३३ जनाले बढि अर्थात ५३ प्रतिशत बालिका र ४७ प्रतिशत बालक) देखिएकोछ ।

## तालिका नम्बर ६ : जातजाति र लिगं अनुसार १० वर्ष देखि १४ वर्ष मुनिका बालबालिकाको संख्या

| वडा नम्बर | दलित | | बाहुन क्षेत्री | | जनजाति | | अन्य | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | |
| १ | ७८ | ७१ | १७६ | २११ | ० | ० | ० | ० | २५४ | २८२ | ५३६ |
| २ | ५३ | ४७ | १७६ | १९३ | ० | ० | ० | ० | २२९ | २४० | ४६९ |
| ३ | ६१ | ६९ | १७२ | १८४ | ० | १ | ० | ० | २३३ | २५४ | ४८७ |
| ४ | ५४ | २३ | १५० | १३० | ० | ० | ० | ० | २०४ | १५३ | ३५८ |
| ५ | २७ | १६ | ५८ | ६० | ० | ० | ० | १ | ८५ | ७७ | १६२ |
| ६ | ७० | ८६ | १०६ | १३३ | ० | ० | ० | ० | १७६ | २१९ | ३९५ |
| ७ | २२ | १२ | २० | १८ | २३ | २५ | ० | ० | ६५ | ५५ | १२० |
| ८ | ७४ | ७८ | ८० | ९० | ० | ० | ६६ | ६१ | २२० | २२९ | ४४९ |
| ९ | ५० | ६५ | ७७ | ७७ | १ | ० | १ | १ | १२९ | १४३ | २७२ |
| १० | ६५ | ५० | ६६ | ५६ | १०० | ६६ | १४ | १२ | २४५ | १८४ | ४२९ |
| ११ | ८४ | ६७ | ९२ | ७० | ० | २ | ९ | ५ | १८५ | १४४ | ३२९ |
| १२ | ३७ | ४६ | १३६ | १८५ | ० | ० | ० | ० | १७३ | २३१ | ४०४ |
| १३ | ८९ | ७८ | ८० | ७८ | ० | ० | २९ | ३१ | १९८ | १८७ | ३८५ |
| जम्मा | ७६४ | ७०८ | १३८९ | १४८५ | १२४ | ९४ | ११९ | १११ | २३९६ | २३९८ | ४७९४ |

१० देखि १४ वर्ष उमेर समुहका बालबालिकाको संख्या विश्लेषण गर्दा वडा नम्बर ४ , ५ , ७ , ११ र १३ मा बालक भन्दा बालिकाको संख्या कम देखिएकोछ । यी वडाहरु मध्ये सबैभन्दा बढि फरक वडा नम्बर ४ र ११ मा देखिएकोछ । वडा नम्बर ४ मा ४३ प्रतिशत बालिका र ५२ प्रतिशत बालक ( बालिक भन्दा बालक ५१ जनाले बढि) र वडा नम्बर ११ मा ४४ प्रतिशत बालिका र ५६ प्रतिशत बालक ( बालिका भन्दा बालक ४१ जनाले बढि ) भएको पाइएकोछ ।

## तालिका नम्बर ७ : जातजाति र लिगं अनुसार १५ वर्ष देखि १८ वर्ष मुनिका बालबालिकाको संख्या

| वडा नम्बर | दलित | | बाहुन क्षेत्री | | जनजाति | | अन्य | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | |
| १ | ३५ | ७१ | ११८ | ११४ | ० | ० | ० | ० | १५३ | १८५ | ३३८ |
| २ | ३३ | १८ | ११५ | ११२ | ० | ० | ० | ० | १४८ | १३० | २७८ |
| ३ | ५१ | ३१ | ११३ | १०२ | ० | १ | ० | ० | १६४ | १३४ | २९८ |
| ४ | ३० | १९ | ९० | ४७ | ० | ० | ० | ० | १२० | ६६ | १८६ |
| ५ | २२ | ९ | ८५ | ६७ | ० | ० | ५ | १ | ११२ | ७७ | १८९ |
| ६ | ५४ | ४६ | १०८ | ७४ | ० | ० | ० | ० | १६२ | १२० | २८२ |
| ७ | ६ | ११ | २५ | ९ | १७ | १८ | ० | ० | ४८ | ३८ | ८६ |
| ८ | ३१ | ३९ | ४५ | ४६ | ० | ० | ३६ | ५२ | ११२ | १३७ | २४९ |
| ९ | ४१ | ४९ | ४५ | ६४ | १ | १ | १ | ३ | ८८ | ११७ | २०५ |
| १० | ४० | २८ | ३४ | ३० | ६२ | ४४ | ६ | १२ | १४२ | ११४ | २५६ |
| ११ | ४९ | ३२ | ४४ | ३९ | २ | ० | १ | ३१ | ९९ | ७२ | १७१ |
| १२ | २९ | ३६ | ११८ | ११६ | ० | ० | ० | ० | १४७ | १५२ | २९९ |
| १३ | ६५ | ४६ | ५९ | ५५ | ० | ० | २३ | २८ | १४७ | १२९ | २७६ |
| जम्मा | ४८६ | ४३५ | ९९९ | ८७५ | ८२ | ६४ | ७५ | ९७ | १६४२ | १४७१ | ३११३ |

१५ देखि १८ वर्ष उमेर समुहका बालबालिकाको संख्या विश्लेषण गर्दा ५३ प्रतिशत बालक र ४७ प्रतिशत बालिका रहेको देखिएकोछ । बालक र बालिकाको संख्यामा वडा नम्बर ४ मा सबैभन्दा धेरै फरक ( ६५ प्रतिशत बालक र ३५ प्रतिशत बालिका) देखिएकोछ । त्यसपछि क्रमश वडा नम्बर ५ ( ५९ प्रतिशत बालक र ४१ प्रतिशत बालिका) , वडा नम्बर ११ मा ( ५८ प्रतिशत बालक र ४२ प्रतिशत बालिका) , वडा नम्बर ६ मा ( ५७ प्रतिशत बालक र ४३ प्रतिशत बालिका), वडा नम्बर

७ मा ( ५६ प्रतिशत बालक र ४४ प्रतिशत बालिका) , वडा नम्बर १० मा ( ५५ प्रतिशत बालक र ४५ प्रतिशत बालिका) बालिकाको संख्या कम देखिएकोछ ।

## तालिका नम्बर ८ : जातजाति र लिङ्ग अनुसार विभिन्न किसिमका अनाथ बालबालिकाहरूको संख्या

| वडा नम्बर | दलित | | बाहुन क्षेत्री | | जनजाति | | अन्य | | जम्मा बालक | जम्मा बालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | | | |
| १ | २३ | ४२ | ५९ | ५३ | ० | ० | ० | ० | ८२ | ९५ | १७७ |
| २ | ९ | ० | १४ | १ | ० | ० | ० | ० | २३ | १ | २४ |
| ३ | ९ | ९ | २० | ४५ | ० | ० | ० | ० | २९ | ५४ | ८३ |
| ४ | ८ | २४ | २८ | ४१ | ० | ० | ० | ० | ३६ | ६५ | १०१ |
| ५ | २ | १२ | ११ | २८ | ० | ० | ० | ० | १३ | ४० | ५३ |
| ६ | ३३ | २३ | ३७ | ३६ | ० | ० | ० | ० | ७० | ५९ | १२९ |
| ७ | ४ | ३ | ५ | ८ | ३ | ७ | ० | ० | १२ | १८ | ३० |
| ८ | २४ | १४ | २९ | १४ | ० | ० | २१ | १४ | ७४ | ४२ | ११६ |
| ९ | २४ | ३४ | २० | ३१ | ० | ० | ० | ० | ४४ | ६५ | १०९ |
| १० | ३१ | १६ | १ | १९ | १७ | ६ | ० | ३ | ४९ | ४४ | ९३ |
| ११ | १२ | १० | २१ | १२ | ० | ० | ० | २ | ३३ | २४ | ५७ |
| १२ | १२ | ६ | ३० | २२ | ० | ० | ० | ० | ४२ | २८ | ७० |
| १३ | २० | १८ | १२ | १० | ० | ० | १२ | ३ | ४४ | ३१ | ७५ |
| जम्मा | २११ | २११ | २८७ | ३२० | २० | १३ | ३३ | २२ | ५५१ | ५६६ | १११७ |

पहिचान भएका आमाबुवा/अभिभावक/संरक्षक विहिन बालबालिकाहरू मध्ये ७६४ जना बालबालिकाहरूको मात्र कुन प्रकारको अनाथ हुन भन्ने कुरा तथ्याकंले देखाएकोछ भने बाँकी ३५३ जना बालबालिका कुन प्रकारका अनाथ हुन भन्ने थाहा हुन सकेको छैन् । बाबुआमा दुबै नभएका र आफै घरमूलीको रुपमा रहेका बालबालिका १२५ ( ६० बालक र ६५ बालिका) , बाबुआमा दुबै नभएका र आफन्तसंग बसिरहेका बालबालिका १२० ( ५४ बालक ६६ बालिका) , बाबु नभएका र आमासंग मात्र बसिरहेका बालबालिका ३०० ( १५२ बालक र १४८ बालिका) , आमा नभएका र बाबुसंग मात्र बसिरहेका बालबालिका ११८ ( ६१ बालक र ५७ बालिका) , सौतेनी आमासंग बसिरहेका बालबालिका ७७ ( ३५ बालक र ४२ बालिका) , सौतेलो बाबुसंग बसिरहेका

बालबालिका १४ ( ६ बालक र ८ बालिका) , र बेबारिसे बालबालिका १० ( ४ बालक र ६ बालिका) रहेका छन् । यस्ता बालबालिकाहरूको लागि यस नगरपालिकाले विशेष योजना तय गरेर कार्य गर्नुपर्ने देखिन्छ ।

## तालिका नम्बर ९ : जातजाति र लिगं अनुसार १९ वर्ष र १९ वर्ष भन्दा माथिका महिला पुरुषको संख्या

| वडा नम्बर | दलित | | बाहुन क्षेत्री | | जनजाति | | अन्य | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | २०५ | २१२ | ५८८ | ५७७ | ० | ० | ० | ० | ७९३ | ७८९ | १५८२ |
| २ | १३५ | १४८ | ६३२ | ६६६ | ० | ० | ० | ० | ७६७ | ८१४ | १५८१ |
| ३ | २३५ | २३८ | ६०९ | ६०० | १ | १ | ० | ० | ८४५ | ८३९ | १६८४ |
| ४ | १३८ | १३१ | ४२५ | ४१० | ० | ० | ० | ० | ५६३ | ५४१ | ११०४ |
| ५ | ११७ | ११८ | ३४६ | ३३२ | ० | ० | १४ | १३ | ४७७ | ४६३ | ९४० |
| ६ | २१७ | २२१ | ४७८ | ४८४ | ० | ० | ० | ० | ६९५ | ७०५ | १४०० |
| ७ | ३७ | ३७ | ८० | ७६ | ८७ | ७४ | ० | ० | २०४ | १८७ | ३९१ |
| ८ | १७८ | १८० | २७८ | २७५ | ० | ० | १९० | २०३ | ६४६ | ६५८ | १३०४ |
| ९ | १९८ | २०२ | २९६ | २७२ | १ | २ | ३ | ४ | ४५८ | ४८० | ९३८ |
| १० | २४३ | २२४ | २०४ | १८० | ३१८ | २९१ | ४९ | ४३ | ८१४ | ७३८ | १५५२ |
| ११ | २९९ | २८० | ३४४ | ३१८ | २ | ३ | ३१ | २९ | ६७६ | ६३० | १३०६ |
| १२ | १६५ | १६९ | ६३३ | ६२९ | ० | ० | ० | ० | ७९८ | ७९८ | १५९६ |
| १३ | २९१ | २९८ | ३३६ | ३२९ | ० | ० | १४१ | १३५ | ७६८ | ७६२ | १५३० |
| जम्मा | २४५८ | २४५८ | ५२४९ | ५१४८ | ४०९ | ३७१ | ४२८ | ४२७ | ८५४४ | ८४०४ | १६९४८ |

यस नगरपालिका भित्र रहेको १९ वर्ष र १९ वर्ष भन्दा माथिको जनसंख्यालाई विश्लेषण गर्दा ५७ प्रतिशत पुरुष र ४३ प्रतिशत महिला रहेको यस तथ्यांकले देखाएकोछ ।

## तालिका नम्बर १० : विद्यालय जाने बालबालिकाको संख्या

| वडा नम्बर | दलित | | बाहुन क्षेत्री | | जनजाति | | अन्य | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | |
| १ | १७८ | १८२ | ४१२ | ४४३ | ० | ० | ० | ० | ५९० | ६२५ | १२१५ |
| २ | १२० | १०४ | ४५२ | ४८१ | ० | ० | ० | ० | ५७२ | ५८५ | ११५७ |
| ३ | १६८ | १५९ | ४२१ | ४५० | ० | २ | ० | ० | ५८९ | ६११ | १२०० |
| ४ | १०७ | ८८ | ३३६ | २९० | ० | ० | ० | ० | ४४३ | ३७८ | ८२१ |
| ५ | ९३ | ७४ | २८९ | २०९ | ० | ० | ५ | ४ | ३८७ | २८७ | ६७४ |
| ६ | १८६ | २२६ | ३७३ | ३९७ | ० | ० | ० | ० | ५५९ | ६२३ | ११८२ |
| ७ | ३३ | २५ | ४० | ३६ | ४१ | ५७ | ० | ० | ११४ | ११८ | २३२ |
| ८ | १२१ | १३४ | १८१ | १७८ | ० | ० | ८८ | ९५ | ३९० | ४०७ | ७९७ |
| ९ | १४६ | १५७ | १८८ | १७२ | १ | २ | ३ | ३ | ३३८ | ३३४ | ६७२ |
| १० | १५४ | १३६ | १५९ | १३१ | २२८ | २०३ | ३६ | ३२ | ५७७ | ५०२ | १०७९ |
| ११ | १२४ | १२६ | १९२ | १७० | ४ | ४ | १८ | २२ | ३३८ | ३२२ | ६६० |
| १२ | १२३ | १५० | ४२९ | ५०६ | ० | ० | ० | ० | ५५२ | ६५६ | १२०८ |
| १३ | २०० | १९५ | २०० | १७६ | ० | ० | ७२ | ७९ | ४७२ | ४५० | ९२२ |
| जम्मा | १७५३ | १७५६ | ३६७२ | ३६३९ | २७४ | २६८ | २२२ | २३५ | ५९२१ | ५८९८ | ११८१९ |

यस नगरपालिकामा जम्मा ११८१९ जना बालबालिका विद्यालय गईरहेका छन् । विद्यालय जाने बालबालिकाको संख्या हेर्दा सबैभन्दा धेरै वडा नम्बर १ र क्रमश वडा नं. १२ , ३ ,६ ,२, १०, १३, ४ , ८, ५, ९, ११ र ७ मा रहेको देखिएकोछ ।

**तालिका नम्बर ११ : घरायसी कामकाजका कारणले विद्यालय अनियमित हुने बालबालिकाको संख्या**

| वडा नम्बर | दलित | | बाहुन क्षेत्री | | जनजाति | | अन्य | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | |
| १ | ४ | ९ | २ | १८ | ० | ० | ० | ० | ६ | २७ | ३३ |
| २ | ६० | ३० | २०७ | २७ | ० | ० | ० | ० | २६७ | ५७ | ३२४ |
| ३ | ० | १ | १९ | १ | ० | ० | ० | ० | १९ | २ | २१ |
| ४ | ८ | ० | २४ | ४ | ० | ० | ० | ० | ३२ | ४ | ३६ |
| ५ | १३ | २८ | २९ | ५८ | ० | ० | २ | ० | ४४ | ८६ | १३० |
| ६ | २ | ८ | १६ | १३ | ० | ० | ० | ० | १८ | २१ | ३९ |
| ७ | ० | ० | २ | ४ | १५ | २० | ० | ० | १७ | २४ | ४१ |
| ८ | १०८ | १२२ | १७५ | १७४ | ० | ० | ७२ | ७८ | ३५५ | ३७४ | ७२९ |
| ९ | २२ | ७० | २१ | ६७ | ० | ० | ० | ० | ४३ | १३७ | १८० |
| १० | १ | ० | ० | २ | १२ | ० | ० | ० | १३ | २ | १५ |
| ११ | ९ | ३ | ९ | १ | ० | ० | ० | ० | १८ | ४ | २२ |
| १२ | ० | ३ | २ | ७ | ० | ० | ० | ० | २ | १० | १२ |
| १३ | १९ | ३ | ११ | ० | ० | ० | ० | ० | ३० | ३ | ३३ |
| जम्मा | २४६ | २७७ | ५१७ | ३७६ | २७ | २० | ७४ | ७८ | ८६४ | ७५१ | १६१५ |

यस नगरपालिकाका विद्यालय गईरहेका जम्मा ११,८१९ बालबालिका मध्ये १४ प्रतिशत बालबालिका ( ७ प्रतिशत बालक र ६ प्रतिशत बालिका घरायसी कामकाजका कारणले नियमित विद्यालय जान नसकेको तथ्याकंले देखाएकोछ । समग्रमा हेर्दा बालिका भन्दा बालकहरू घरायसी कामकाजका कारण विद्यालय अनियमित हुने गरेको देखिएकोछ । यसरी घरायसी कामकाजका कारण विद्याालय अनियमित हुनेहरूको संख्या सबैभन्दा धेरै वडा नम्बर ८ र त्यसपछि क्रमश : वडा नम्बर २, ९, ५, ७, ६, १३, १, ४, ३, ११, १० र १२ मा रहेकोछ ।

**तालिका नम्बर १२ : विद्यालय छोडेर घरायसी कामकाज गरिरहेका बालबालिकाको संख्या**

| वडा नम्बर | दलित | | बाहुन क्षेत्री | | जनजाति | | अन्य | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | |
| १ | ३ | ३ | ० | १ | ० | ० | ० | ० | ३ | ४ | ७ |
| २ | ० | ० | ० | ७ | ० | ० | ० | ० | ० | ७ | ७ |
| ३ | २ | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ |
| ४ | १ | ० | २ | १ | ० | ० | ० | ० | ३ | १ | ४ |
| ५ | ११ | १ | ३८ | ५ | ० | ० | ० | ० | ४९ | ६ | ५५ |
| ६ | ० | ० | ६ | ० | ० | ० | ० | ० | ६ | ० | ६ |
| ७ | ३ | ४ | १ | २ | ३ | ३ | ० | ० | ७ | ९ | १६ |
| ८ | ३ | २ | ० | ० | ० | ० | ० | ० | ३ | २ | ५ |
| ९ | ११ | १५ | ७ | १० | ० | ० | ० | १ | १८ | २६ | ४४ |
| १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | २ | ३ | ० | ० | ० | ० | ० | ० | २ | ३ | ५ |
| १२ | १ | ६ | ५ | ११ | ० | ० | ० | ० | ६ | १७ | २३ |
| १३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ३७ | ३४ | ५९ | ३७ | ३ | ३ | ० | १ | ९९ | ७५ | १७४ |

विद्यालय छोडेर घरायसी कामकाजमा व्यस्त रहेका बालबालिकाको संख्या यस नगरपालिका भित्र १७४ जना रहेको देखिएकोछ । जसमध्ये ९९ जना बालक र ७५ जना बालिका रहेका छन् । यसरी विद्यालय छोडेर घरायसी कामकाजमा लाग्नेहरू सबैभन्दा धेरै वडा नम्बर ५ र क्रमश : वडा नं. ९, १२, ७, १,२, ६, ११, ८, ४ र ३ मा रहेको छ । वडा नं. ९ र १२ मा बालिकाहरूको संख्या धेरै र वडा नं. ५ मा बालकहरूको संख्या धेरै देखिएकोछ ।

## तालिका नम्बर १३ : विद्यालय जाने तथा आफ्नै गाउँमा आयमूलक कार्य गरिरहेका बालबालिकाको संख्या

| वडा नम्बर | दलित | | बाहुन क्षेत्री | | जनजाति | | अन्य | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | |
| १ | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | ० | १ |
| २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | १ | २ | ४ | ४ | ० | ० | ० | ० | ५ | ६ | ११ |
| ६ | ३ | ० | ५ | ० | ० | ० | ० | ० | ८ | ० | ८ |
| ७ | ० | ० | १ | ३ | ० | ० | ० | ० | १ | ३ | ४ |
| ८ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ३ |
| ९ | ३ | ४ | ५ | ४ | ० | ० | ० | ० | ८ | ८ | १६ |
| १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | १ | ० | २ | ० | ० | ० | ० | ० | ३ | ० | ३ |
| १२ | ० | २ | ० | ० | ० | २ | ० | ० | ० | २ | २ |
| १३ | ० | ० | ४ | २ | ० | ० | ० | ० | ४ | २ | ६ |
| जम्मा | ११ | ८ | २२ | १३ | ० | २ | ० | ० | ३३ | २१ | ५४ |

विद्यालय जाने तर आफ्नै गाउ भित्र आयआर्जनमुलक क्रियाकलापमा संलग्न हुने बालबालिकाहरुको संख्य ५४ जना देखिएकोछ । जसमध्ये ३३ जना बालक र २१ जना बालिका रहेका छन् । यस्ता बालबालिकाहरुको संख्या वडा नं. ९ , ५ र १३ मा धेरै रहेकोछ ।

**तालिका नम्बर १४ : विद्यालय छाडेर आफ्नै गाँउमा आयमूलक कार्य गरिरहेका बालबालिकाको संख्या**

| वडा नम्बर | दलित | | बाहुन क्षेत्री | | जनजाति | | अन्य | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | |
| १ | २ | १ | २ | ३ | ० | ० | ० | ० | ४ | ४ | ८ |
| २ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | २ | ० | ० | ० | ० | ० | २ | ० | २ |
| ६ | १० | ० | १४ | ० | ० | ० | ० | ० | २४ | ० | २४ |
| ७ | ० | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | १ |
| ८ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ३ |
| ९ | ४ | ३ | २ | ५ | ० | ० | ० | ० | ६ | ८ | १४ |
| १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | ० | १ |
| १२ | १ | ० | ५ | २ | ० | ० | ० | ० | ६ | २ | ८ |
| १३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | २२ | ४ | २५ | ११ | ० | ० | ० | ० | ४७ | १५ | ६२ |

विद्यालय छोडेर आफ्नै गाउ भित्र आयआर्जनमुलक क्रियाकलापमा संलग्न हुने बालबालिकाहरूको संख्य ६२ जना देखिएकोछ । जसमध्ये ४७ जना बालक र १५ जना बालिका रहेका छन् । यस्ता बालबालिकाहरूको संख्या सबैभन्दा धेरै वडा नं. ६ , र त्यसपछि क्रमश : वडा नं. ९, १२ र १ मा रहेकोछ ।

## तालिका नम्बर १५ : विद्यालय छाडेर अन्यत्र गई आयमूलक कार्य गरिरहेका बालबालिकाको संख्या

| वडा नम्बर | दलित | | बाहुन क्षेत्री | | जनजाति | | अन्य | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | |
| १ | ६ | ० | ० | ० | ० | ० | ० | ० | ६ | ० | ६ |
| २ | २ | २ | ४ | १ | ० | ० | ० | ० | ६ | ३ | ९ |
| ३ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | २ | २ |
| ४ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | २ | २ |
| ५ | १ | ४ | ६ | ५ | ० | ० | ० | ० | ७ | ९ | १६ |
| ६ | २४ | १० | ३२ | २६ | ० | ० | ० | ० | ५६ | ३६ | ९२ |
| ७ | २ | ० | १ | ० | १ | ० | ० | ० | ४ | ० | ४ |
| ८ | ३ | ० | ० | ० | ० | ० | ० | ० | ३ | ० | ३ |
| ९ | ११ | २ | १३ | २ | ० | ० | ० | ० | २४ | ४ | २८ |
| १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | १ | ५ | ० | १ | ० | ० | ० | ० | १ | ६ | ७ |
| १२ | १३ | ० | १७ | ० | ० | ० | ० | ० | ३० | ० | ३० |
| १३ | २ | ० | ० | ० | ० | ० | ० | ० | २ | ० | २ |
| जम्मा | ६४ | २४ | ७६ | ३९ | १ | ० | ० | ० | १४१ | ६३ | २०४ |

विद्यालय छाडेर अन्यत्र (आफ्नो गाउँ बाहिर) गई आयआर्जनमुलक क्रियाकलापमा संलग्न हुने बालबालिकाहरूको संख्या २०४ जना देखिएकोछ। जसमध्ये १४१ जना बालक र ६३ जना बालिका रहेका छन्। यस्ता बालबालिकाहरूको संख्या सबैभन्दा धैरै वडा नं. ६ मा र त्यसपछि क्रमश : १२, ९, ५, २, ११, १ , १३, ३ र ४ मा रहेकोछ।

## तालिका नम्बर १६ : घरपरिवारले बताएअनुसार विभिन्न किसिमको अपांङ्गता रहेका बालबालिकाको संख्या

| वडा नम्बर | दलित | | बाहुन क्षेत्री | | जनजाति | | अन्य | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | |
| १ | ४ | १० | १२ | १ | ० | ० | ० | ० | १६ | ११ | २७ |
| २ | १० | ३ | ३० | १३ | ० | ० | ० | ० | ४० | १६ | ५६ |
| ३ | १६ | १४ | २७ | २८ | ० | १ | ० | ० | ४३ | ४३ | ८६ |
| ४ | ८ | २ | ३३ | ३० | ० | ० | ० | ० | ४१ | ३२ | ७३ |
| ५ | ० | ६ | ४ | २५ | ० | ० | ० | ० | ४ | ३१ | ३५ |
| ६ | २९ | १६ | ५४ | ४७ | ० | ० | ० | ० | ८३ | ६३ | १४६ |
| ७ | ५ | १ | ० | २ | ३ | ४ | ० | ० | ८ | ७ | १५ |
| ८ | २ | १ | ३ | ० | ० | ० | ० | ० | ५ | १ | ६ |
| ९ | १९ | ७ | २० | ८ | ० | ० | ० | ० | ३९ | १५ | ५४ |
| १० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ११ | ४ | १७ | ८ | ९ | ० | ० | ० | ० | १२ | २६ | ३८ |
| १२ | १० | ५ | ३५ | १६ | ० | ० | ० | ० | ४५ | २१ | ६६ |
| १३ | ३ | ६ | १ | १ | ० | ० | २ | ४ | ६ | ११ | १७ |
| जम्मा | १२३ | ११५ | २३७ | १९४ | ३ | ५ | २ | ४ | ३७६ | ३३१ | ७०७ |

तथ्यांक संकलनकर्ताहरूले धरधुरी सर्वेक्षण गर्दा ७०७ जना बालबालिकामा विभिन्न प्रकारको अपांङ्गता रहेको कुरा घरपरिवारले बताएका छन् । अपांङ्गता हुन भनि बताइएका मध्ये ५३ प्रतिशत बालक र ४७ प्रतिशत बालिकाको संख्या रहेकोछ । ७०७ अपांग हुन भनि भनिएका मध्ये जम्मा ५८४ जनाको मात्र अपांगताको किसिम खुलाइएकोछ । सुस्त श्रवण क्षमता भएका ५३ जना (२५ बालक र २८ बालिका) , दृष्टि विहिन ४५ जना ( २४ बालक र २१ बालिका) , मानसिक अपांगता भएका ८३ जना ( ५० बालक र ३३ बालिका) , शारीरिक अपांगता भएका ३६८ जना ( २०८ बालक र १६० बालिका) ,बहु अपांङ्गता भएका २५ जना (१७ बालक र ८ बालिका) र मनोसामाजिक समस्या भएका १० जना ( ९ बालक र १ बालिका) भएको तथ्यांकले देखाएकोछ । यी सबै अपांङ्ग हुन कि होइनन् वा यदि हुन भने कस्तो प्रकारको अपांङ्गता भएका बालबालिका हुन

भन्ने कुरा एकिन गर्नको लागि सम्बन्धित वडा कार्यालयहरुले विशेष कार्य जस्तै अपांङ्गता पहिचान तथा परिचय कार्ड वितरण गर्न प्रत्येक वडा अथवा सबैलाई पायक पर्ने कुनै एक स्थानमा घुम्ति सिविर राख्ने , घरदैलो भेटघाट र उनिहरूलाई सामाजिक सुरक्षा भत्ताको पहुँचमा पुऱ्याउन काम गर्नपर्ने देखिन्छ ।

## तालिका नम्बर १७ : विविध कारणले बाल संरक्षण अनुदान कार्यक्रमको पहुँचमा नरहेका बालबालिकाको संख्या

| वडा नम्बर | दलित | | जम्मा |
|---|---|---|---|
| | बालक | बालिका | |
| १ | २० | १८ | ३८ |
| २ | ११ | १४ | २५ |
| ३ | २४ | १८ | ४२ |
| ४ | ८ | १० | १८ |
| ५ | ६ | ७ | १३ |
| ६ | १९ | १० | २९ |
| ७ | ५ | ४ | ९ |
| ८ | १५ | २७ | ४२ |
| ९ | १४ | ११ | २५ |
| १० | ११ | १४ | २५ |
| ११ | १३ | १० | २३ |
| १२ | १२ | १७ | २९ |
| १३ | १६ | १२ | २८ |
| जम्मा | १७४ | १७२ | ३४६ |

नगरपालिका भित्रका ३४६ जना दलित बालबालिकाहरू विविध कारणहरुले गर्दा बाल संरक्षण अनुदान पाउन बाट छुटेको तथ्याकंले देखाएकोछ । जम्मा ८७ जनाले मात्र उक्त भत्ता नपाउनुको कारणहरु बारे बताएका छन् । यिनिहरू मध्ये २१ प्रतिशतले भत्ता प्राप्त गर्ने अवस्था र कार्यक्रमको बारेमा जानकारी नपाएर , १८ प्रतिशतले प्रक्रियाहरु थाहा नभएर , २४ प्रतिशतले आवश्यक कागजात नभएर , ९ प्रतिशतले आवश्यक कागजात बनाउन रकम अभाव भएर , १७ प्रतिशतले आवश्यक कागजात बनाउनका लागि घरपरिवारका सदस्यहरू सहयोगी नभएर आफ्ना बालबालिकाले यस्तो भत्ता पाउन नसकेको कुरा बताएकाछन् ।

## तालिका नम्बर १८ : जन्मदर्ता नभएका १६ वर्ष भन्दा मुनिका बालबालिकाको संख्या

| वडा नम्बर | दलित | | बाहुन क्षेत्री | | जनजाति | | अन्य | | जम्मा बालक | जम्मा बालिका | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | बालक | बालिका | | | |
| १ | ४२ | ६१ | २१५ | २६४ | ० | ० | ० | ० | २५७ | ३२५ | ५८२ |
| २ | २३ | १६ | १८४ | १७२ | ० | ० | ० | ० | २०७ | १८८ | ३९५ |
| ३ | ४४ | ४३ | १३२ | १५१ | ० | ० | ० | ० | १७६ | १९४ | ३७० |
| ४ | ३४ | ३२ | १२० | १३६ | ० | ० | ० | ० | १५४ | १६८ | ३२२ |
| ५ | ५० | ४६ | १३० | ९४ | ० | ० | ० | ० | १८२ | १४४ | ३२६ |
| ६ | २८ | ३२ | ४५ | ८१ | ० | ० | ० | ० | ७३ | ११३ | १८६ |
| ७ | १० | ७ | ४ | ० | ३ | ५ | ० | ० | १७ | १२ | २९ |
| ८ | २६ | ३९ | ५० | ६७ | ० | ० | ७६ | ८६ | १५२ | १९२ | ३४४ |
| ९ | ४४ | ५७ | १३७ | ११८ | ० | २ | २ | ० | १८३ | १७७ | ३६० |
| १० | ४३ | ४७ | २ | ० | ० | ० | ० | ० | ४५ | ४७ | ९२ |
| ११ | २७ | ३६ | ३ | १ | ० | ० | ० | ० | ३० | ३७ | ६७ |
| १२ | ७३ | ६२ | १५४ | १४४ | ० | ० | ० | ० | २२७ | २०६ | ४३३ |
| १३ | ३४ | ३५ | १९ | १५ | ० | ० | ११ | ७ | ६४ | ५७ | १२१ |
| जम्मा | ४७८ | ५१३ | ११९५ | १२४३ | ३ | ७ | ९१ | ९७ | १७६७ | १८६० | ३६२७ |

यस नगरपालिका भित्र १६ वर्षभन्दा मुनिका ३६२७ बालबालिकाको जन्म दर्ता नभएको यस सर्भेक्षणमा देखिएकोछ । जन्म दर्ता नभएकाहरू मध्ये तुलनात्मक रुपमा बाहुन क्षेत्री बालबालिकाहरू त्यसमा पनि बालिकाको संख्या धेरै देखिएकोछ । आफ्ना बालबालिकाको जन्मदर्ता नगर्नुको कारण बुझ्दा जम्मा ७२२ जनाले मात्र बताएकाछन् । ९३ प्रतिशतले जन्मदर्ताको महत्व बारे थाहा नपाएर र बाँकी ७ प्रतिशतले अन्य कारणहरु जस्तै वडा कार्यालय टाढा भएर , वेवास्ता गरेको कुरा बताएकाछन् ।

**तालिका नम्बर १९ : योग्य भईकन पनि विविध कारणले जेष्ठ नागरिक भत्ता नपाएका जेष्ठ नागरिकको संख्या**

| वडा नम्बर | दलित | | बाहुन क्षेत्री | | जनजाति | | अन्य | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | ५ | ३ | १४ | ० | ० | ० | ० | ० | १९ | ३ | २२ |
| २ | ३ | ० | १ | १ | ० | ० | ० | ० | ४ | १ | ५ |
| ३ | ३ | २ | ३ | ३ | ० | ० | ० | ० | ६ | ५ | ११ |
| ४ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | ० | ० | ४ | ६ | ० | ० | ० | १ | ४ | ७ | ११ |
| ६ | ७ | ४ | १८ | ६ | ० | ० | ० | ० | २५ | १० | ३५ |
| ७ | ० | २ | ४ | ३ | २ | ० | ० | ० | ६ | ५ | ११ |
| ८ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० | १ | १ |
| ९ | २ | २ | ० | ० | ० | ० | ० | ० | २ | २ | ४ |
| १० | १ | २ | ० | ० | १ | ० | ० | ० | २ | २ | ४ |
| ११ | ० | ० | २ | ० | ० | ० | ० | ० | २ | ० | २ |
| १२ | ० | ० | ० | ६ | ० | ० | ० | ० | ० | ६ | ६ |
| १३ | ० | ० | १ | ० | ० | ० | ० | ० | १ | ० | १ |
| जम्मा | २१ | १६ | ४७ | २५ | ३ | ० | ० | १ | ७१ | ४२ | ११३ |

घरधुरी सर्वेक्षणको क्रममा आफुहरू जेष्ठ नागरिक भत्ता पाउन योग्य भएपनि विविधि कारणले आफुहरूले जेष्ठ नागरिक भत्ता नपाएको भनि बताउनेहरूको संख्या ११३ जना रहेकोछ । जसमध्ये सबैभन्दा धेरै वडा नम्बर ६, १, ७, ५,३ र १२ मा रहेकोछ । यसरी जेष्ठ नागरिक भत्ताको पहुँच सम्म नपुग्नेहरु मध्ये सबैभन्दा धेरै बाहुन /क्षेत्री र त्यसपछि दलितहरू रहेका छन् । सामाजिक सुरक्षा भत्ता नपाउनुको कारणहरू बारे जम्मा ४२ जनाले बताएका छन् ।  जस मध्ये ४८ प्रतिशतले जेष्ठ नागरिक भत्ता पाउने अवस्था र कार्यक्रमको बारेमा जानकारी नभएर , १४ प्रतिशतले प्रक्रिया थाहा नभएर , २६ प्रतिशतले आवश्यक कागजात नभएर , १२ प्रतिशतले आवश्यक कागजात बनाउन परिवारका सदस्य सहयोगी नभएर जेष्ठ नागरिक भत्ताको लागि पहुँच नपुगेको कुरा बताएका छन् ।

**तालिका नम्बर २० : योग्य भईकन पनि एकल महिला भत्ता नपाएका महिलाहरूको संख्या**

| वडा नम्बर | दलित महिला | बाहुन क्षेत्री महिला | जनजाति महिला | अन्य जातिका महिला | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | ६ | ० | ० | **८** |
| २ | ० | ० | ० | ० | **०** |
| ३ | ० | ० | ० | ० | **०** |
| ४ | ० | १ | ० | ० | **१** |
| ५ | ० | ० | ० | ० | **०** |
| ६ | ० | ० | ० | ० | **०** |
| ७ | ० | ० | ० | ० | **०** |
| ८ | ० | ० | ० | ० | **०** |
| ९ | १ | ० | ० | ० | **१** |
| १० | ० | ० | ० | ० | **०** |
| ११ | २ | ० | ० | १ | **३** |
| १२ | ० | ६ | ० | ० | **६** |
| १३ | ० | ० | ० | ० | **०** |
| जम्मा | **५** | **१३** | **०** | **१** | **१९** |

आफुहरू सामाजिक सुरक्षा भत्ता पाउन योग्य भएपनि विविध कारणले एकल महिला भत्ताको पहुँचमा नपुगेको भनि बताउने एकल महिलाहरूको संख्या १९ पाईएकोछ । यस्तो भत्ताको पहुँचमा नपुग्ने एकल महिलाहरूको संख्या सबैभन्दा धेरै वडा नं. १ र त्यसपछि वडा नं. १२ मा देखिएकोछ । यसरी नपाउनेहरू मध्ये ९० प्रतिशतले प्राप्त गर्ने अवस्था र कार्यक्रमको बारेमा जानकारी नपाएर , ३ प्रतिशतले प्रक्रिया थाहा नभएर , ३ प्रतिशतले आवश्यक कागजात नभएर , ३ प्रतिशतले आवश्यक कागजात बनाउनको लागि रकमको अभाव भएर उक्त सामाजिक सुरक्षा भत्ता नपाएको बताएकाछन् ।

**तालिका नम्बर २१ : योग्य भईकन पनि विधुवा महिला भत्ता नपाएका महिलाहरूको संख्या**

| वडा नम्बर | दलित महिला | बाहुन क्षेत्री महिला | जनजाति महिला | अन्य जातिका महिला | जम्मा |
|---|---|---|---|---|---|
| १ | २ | १ | ० | ० | **३** |
| २ | १ | ५ | ० | ० | **६** |
| ३ | १ | १ | ० | ० | **२** |
| ४ | ० | १ | ० | ० | **१** |
| ५ | १ | १० | ० | ० | **११** |
| ६ | ८ | ६ | ० | ० | **१४** |
| ७ | ० | ० | १ | ० | **१** |
| ८ | ० | ७ | ० | २ | **९** |
| ९ | १ | ० | ० | ० | **१** |
| १० | ० | ० | ० | ० | **०** |
| ११ | ० | ३ | ० | ० | **३** |
| १२ | ० | १ | ० | ० | **१** |
| १३ | ० | २ | ० | ० | **२** |
| जम्मा | **१४** | **३७** | **१** | **२** | **५४** |

आफुहरू सामाजिक सुरक्षा भत्ता पाउन योग्य भएपनि विविध कारणले विधवा महिला भत्ताको पहुँचमा नपुगेको भनि बताउने विधवा महिलाहरूको संख्या ५४ पाईएकोछ। यस्तो भत्ताको पहुँचमा नपुग्ने विधवा महिलाहरूको संख्या सबैभन्दा धेरै क्रमशः वडा नं. ६ , ५,८ र २ मा देखिएकोछ। यसरी भत्ता नपाउनेहरू मध्ये ५७ प्रतिशतले उक्त भत्ता पाउने अवस्था र कार्यक्रमको बारेमा जानकारी नभएर , १३ प्रतिशतले आवश्यक प्रक्रिया थाहा नभएर, ३० प्रतिशतले आवश्यक कागजात बनाउनका लागि परिवारका सदस्य सहयोगी नभएर उनिहरूले उक्त भत्ता पाउन नसकेको कुरा बताएकाछन्।

**तालिका नम्बर २२ : घरपरिवारले बताएअनुसार अपाङ्ग भएपनि अपाङ्गता भत्ता नपाएका व्यक्तिहरूको विवरण**

| वडा नम्बर | दलित | | बाहुन क्षेत्री | | जनजाति | | अन्य | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | ६ | ८ | ९ | ८ | ० | ० | ० | ० | १५ | १६ | ३१ |
| २ | ० | १ | २ | ३ | ० | ० | ० | ० | २ | ४ | ६ |
| ३ | ६ | ३ | २२ | १८ | ० | ० | ० | ० | २८ | २१ | ४९ |
| ४ | १ | २ | ११ | ७ | ० | ० | ० | ० | १२ | ९ | २१ |
| ५ | १ | १ | १ | ० | ० | ० | ० | ० | २ | १ | ३ |
| ६ | ८ | ३ | १० | १२ | ० | ० | ० | ० | १८ | १५ | ३३ |
| ७ | ० | ० | ० | ० | १ | ० | ५ | ३ | ६ | ३ | ९ |
| ८ | ५ | ३ | ७ | ७ | ० | ० | ७ | ५ | १९ | १५ | ३४ |
| ९ | ११ | ११ | ८ | ११ | ० | ० | ० | ० | १९ | २२ | ४१ |
| १० | १ | २ | ० | ० | ० | ० | ० | ० | १ | २ | ३ |
| ११ | १ | ० | १ | १ | ० | ० | ० | ० | २ | १ | ३ |
| १२ | १२ | ० | २५ | ० | ० | ० | ० | ० | ३७ | ० | ३७ |
| १३ | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० | ० |
| जम्मा | ५२ | ३४ | ९७ | ६७ | ५ | ३ | ७ | ५ | १६१ | १०९ | २७० |

यसरी अपांङ्गता भत्ता किन नपाएको भन्ने बारे जम्मा २०१ जनाले मात्र कारण बताएकाछन् । जसमध्ये ३३ प्रतिशतले प्राप्त गर्ने अवस्था र कार्यक्रम बारे जानकारी नपाएर , २१ प्रतिशतले प्रक्रियाबारे थाहा नपाएर , १६ प्रतिशतले आवश्यक कागजात नभएर , २१ प्रतिशतले आवश्यक कागजात बनाउन रकमको अभाव भएर , ८ प्रतिशतले कागजात बनाउनको लागि घरपरिवारका सदस्य सहयोगी नभएर र १ प्रतिशतले अन्य कारणले उक्त भत्ता पाउन नसकेको भनि बताएकाछन् ।